# प्रेस विज्ञप्ती

ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले २०७५/७/७ मा स्विकृत “विद्युत आयोजनाको अनुमतिपत्र सम्वन्धि निर्देशिका” सार्वजनिक गरेको छ। यसबाट आयोजनाको अनुमतिपत्र प्राप्त गर्न सहजीकरण गरिनुका साथै २०७३/९/२० मा जारी गरिएको निर्देशिकाको भन्दा अझ विस्तृत र पारदर्शी बनाइएका साथै नदी वेसिन गुरुयोजनालाई समेत समेटेको महशुस इप्पानले गरेको छ।

हालै सार्वजनिक भएको निर्देशिकामा जलविद्युत आयोजनाको जडित क्षमता निर्धारण सम्वन्धमा २०७३ को निर्देशिकामा कायम गरिएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको (Probability of Excedence) प्रोव्याविलिटी अफ एक्सिडेन्स Q40 लाई परिवर्तन गरी Q45 गरिएकोमा यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउन चाहन्छौं। यसरी Q40 बाट Q45 गर्दा प्राकृतिक श्रोतको अधिकतम (optimum) उपयोग नहुने देखिन्छ। साथै राष्ट्रले प्राप्त गर्ने रोयल्टीमा सामेत असर पर्ने देखिन्छ। यसरी स्थानिय बजारलाई मात्र आधार नमानी विद्युत खरीद र बिक्री सम्झौता (Power Trading Agreement) भइसकेको छिमेकी राष्ट्रसंग आवश्यक समन्वय गरी विद्युत बजारको उपलव्धता विस्तार गरिनुपर्ने देखिन्छ। तसर्थ जलविद्युत आयोजनाको जडित क्षमता निर्धारण गर्दा जलश्रोतको अधिकतम उपयोग, विद्युत बजारको विस्तार र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी गरिनु पर्ने र हाइड्रोलोजिकल टाइम सिरिज डाटाको Probability of Excedence लाई Q45 कायम नगरी परिवर्तन गर्न मिल्ने प्रावधानको व्यवस्था गरिदिनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयसंग जोडदार माग गर्दछ।